**पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**

(मन्त्रिपरिषदबाट स्विकृत मिति २०७७/०९/०३)

स्थानीयस्तरमा नै उन्नत नश्लका उच्च उत्पादन क्षमता भएका गाईभैंसीको सङ्ख्या बढाई दुध तथा दुग्धजन्य पदार्थहरुमा आत्मनिर्भर हुन तथा निर्यात प्रवर्द्धन गर्न उन्नत नश्लका पाडी/बाच्छी पालनका लागि कृषकहरुलाई प्रोत्साहन सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले विज्ञ केन्द्रको प्रमुख सम्झनु पर्छ ।

(घ) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ को उपदफा (८) बमोजिम गठित छनौट तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद- २

## कार्यक्रम सञ्चालन

३. **कार्यक्रम संचालन प्रक्रिया :** (१) पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम विज्ञ केन्द्र मार्फत सञ्चालन हुनेछ।

(२) विज्ञ केन्द्रले चालु आर्थिक वर्षको प्रारम्भमा अनुसूची -१ बमोजिमको सूचना प्रकाशन गर्नेछ।

(३) विज्ञ केन्द्रले आफ्नो कार्यक्षेत्रको डेरी पकेट क्षेत्रलाई मध्यनजर गर्दै प्रत्येक आर्थिक वर्षमा कार्यक्रम सञ्चालन हुने क्षेत्र तोक्न सक्नेछ।

(४) कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकहरुले अनुसूची-२ को ढाँचामा आवश्यक कागजातहरु सहित विज्ञ केन्द्रमा निवेदन पेश गर्नु पर्नेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

(५) आफूले नै पालन गरिरहेका गाईभैंसीमा कृत्रिम गर्भाधान गरी जन्मेका पाडी/बाच्छी हुर्काइरहेका कृषकहरुले मात्र निवेदन पेश गर्न सक्नेछन्।

(६) कम्तीमा १ वर्ष उमेरको र पहिचानका लागि ट्याग लगाईएको कोरली पाडी/बाच्छी को लागि मात्र प्रोत्साहन बापतको रकम उपलब्ध गराउनु पर्नेछ।

(७) पाडी/बाच्छी पालनका लागि प्रोत्साहन बापत एक पटक रकम प्राप्त गरिसकेको कृषकलाई त्यसपछिको २ आर्थिक वर्ष सम्म सोही कार्यको लागि प्रोत्साहन बापत रकम उपलब्ध गराइने छैन।

(८) प्राप्त निवेदनहरु मध्येबाट प्रोत्साहन बापतको रकम उपलब्ध गराउने प्रयोजनको लागि विज्ञ केन्द्रमा देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | विज्ञ केन्द्रको प्रमुख | संयोजक |
| (ख) | कृषि ज्ञान केन्द्रको प्रतिनिधि | सदस्य |
| (ग) | प्रदेश लेखा नियन्त्रक कार्यालय वा जिल्ला स्थित लेखा इकाई कार्यालयको प्रतिनिधि | सदस्य |
| (घ) | प्रमुख पछिको वरिष्ठतम कर्मचारी | सदस्य सचिव |

(९) समितिले पेश भएका निवेदनहरु रितपूर्वक भए नभएको एकीन गरी अनुसूची २ मा उल्लेखित आवश्यक कागजातहरु समेतको आधारमा प्रमुख समक्ष प्रोत्साहन बापतको रकम दिन उपयुक्त हुने कृषकहरुको सिफारिस गर्नु पर्नेछ।

(१०) समितिले सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन समेत गर्न सक्नेछ।

(११) समितिको सिफारिसको आधारमा प्रमुखले प्रोत्साहन बापतको रकम उपलब्ध गराउने निर्णय गर्नु पर्नेछ।

(१२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

## परिच्छेद- ३
## आर्थिक कार्यविधि

४. **प्रोत्साहन बापत रकमः** (१) प्रोत्साहन बापतको रकम दिने निर्णय गरेका कृषकहरुलाई विज्ञ केन्द्रले प्रति पाडी वा प्रति बाच्छी बापत रु. १०,००० उपलब्ध गराउनेछ।

(२) प्रोत्साहन बापतको रकम एक आर्थिक वर्षमा एक कृषकको लागि अधिकतम रु. ५०,००० हुनेछ।

## परिच्छेद- ४
## विविध

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यविधि बमोजिम भए गरेका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र विज्ञ केन्द्रले गर्न सक्नेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

६. **<u>बाधा अड्काउ फुकाउने:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै कुनै बाधा, अडकाउ र अस्पष्टता आएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७. **<u>संशोधन :</u>** यस कार्यविधिमा प्रदेश सरकारले आवश्यक संशोधन गर्न सक्नेछ ।

८. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिएका कुरा यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ। यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ।

**अनुसूची- १**

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रममा सहभागिताको लागि सूचनाको ढाँचा**

(...................................... कार्यालय)

**पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रमको लागि निवेदन पेश गर्ने वारे सूचना**

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र................ को आर्थिक वर्ष २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम रहेकाले जिल्ला....................को................... क्षेत्र भित्र आफूले पाल्दै आएका गाईभैंसीवाट कृत्रिम गर्भाधान गरी जन्मेका पाडी बाच्छी हुर्काइरहेका ईच्छुक कृषकहरुले पाडी बाच्छी पालन बापत प्रोत्साहन रकम प्राप्त गर्न यस कार्यालयमा निवेदन पेश गर्नु हुन अनुरोध छ।पुनश्चः सूचना प्रकाशन भएको मिति देखि चालु आर्थिक वर्षको आषाढ ७ गते भित्र कार्यालय खुलेको जुनसुकै दिन कार्यालय समय भित्र "पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७" को अनुसूची २ बमोजिमको ढाँचामा तोकिएका कागजातहरु संलग्न गरी निवेदन पेश गर्न सकिनेछ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

**अनुसूची – २**

(दफा ३ को उपदफा (४) र (९) सँग सम्बन्धित)

**आवेदकले पेश गर्ने निवेदन पत्रको ढाँचा**

श्रीमान् प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,.................

**विषयः पाडी/बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रमबाट सहयोग पाउने सम्बन्धमा।**

तँहा कार्यालयको मिति ................ को.................मा प्रकाशित सूचना अनुसार मैले हुर्काईरहेको.......वटा पाडी/बाच्छीको लागी पाडी बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रमबाट सहयोग पाउँ भनी तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु।

**तपसिलः**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. कृत्रिम गर्भाधानबाट जन्मेको प्रमाण (कृत्रिम गर्भाधान गरेको विवरण खुल्ने कागजात)
३. कम्तीमा १ वर्ष उमेरको कोरली पाडी/बाच्छी भएको भनि प्राविधिकले दिएको सिफारिस पत्र
४. ट्याग देखिने गरी खिचिएको फोटो
५. सम्वन्धित पालिकाको पशु सेवा शाखाको सिफारिस पत्र

**निवेदन पेश गर्नेकोः**

नामथरः
फार्म वा कम्पनीको नामः
ठेगानाः
सम्पर्क नं.
दस्तखतः
मितिः

छाप